# बूढानीलकण्ठ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
गोल्फुटार, काठमाण्डौ
३ नं. प्रदेश, नेपाल ।

बूढानीलकण्ठ नगर...
नगर कार्यपालिकाको कार्यालय
गोल्फुटार, काठमाडौं
३ नं. प्रदेश नेपाल
२०७४

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

मिति: २०७४/१०/१७

यस बूढानीलकण्ठ नगरपालिका अन्तर्गतको शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा रही कार्य गर्नको लागि देहाय बमोजिमको शर्तहरुको अधिनमा मेडिकल अधिकृत जनस्वास्थ्य अधिकृत/स्टाफ नर्स/ हेल्थ असिस्टेन्ट/ल्याव असिस्टेन्ट सेवा करारमा लिनु पर्ने भएकोले ईच्छुक उम्मेद्वारहरुले यस बूढानीलकण्ठ नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा रितपूर्वक दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागी यो पन्ध्र (१५) दिने सूचना प्रकाशित गरिएको छ ।

१. आवेदन दिने अन्तिम मिति:- यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र (सो दिन सार्वजनिक बिदा पर्न गएमा अन्तिम दिनको भोलीपल्ट कार्यालय समय भित्र) ।

२. शैक्षिक योग्यता:- मेडिकल अधिकृत- आठौं तह, जनस्वास्थ्य अधिकृत- सातौं तह, स्टाफ नर्स-पाचौं तह, हेल्थ असिस्टेन्ट-पाचौं तह, ल्याव असिस्टेन्ट-चौथो तह पदको लागी चाहिने न्यूनतम योग्यता वा सो सरह ।

३. संलग्न गर्नुपर्ने कागजातहरु:-आवेदन सहित व्यक्तिगत विवरण नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपीहरु सम्बन्धित काउन्सिलमा दर्ता प्रमाण पत्रको प्रतिलिपी, अनुभव सम्वन्धी प्रमाणपत्रको प्रतिलिपी ।

४. आवश्यक संख्या: मेडिकल अधिकृत-आठौं तह २ जना, जनस्वास्थ्य अधिकृत-सातौं तह २ जना, स्टाफ नर्स -पाचौं तह १ जना र हेल्थ असिस्टेन्ट - पाचौं तह १ जना, ल्याव असिस्टेन्ट-चौथो तह १ जना

५. उमेरको हद: पुरुषको हकमा १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको र महिलाको हकमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनु पर्नेछ ।

६. आवेदन शुल्क: रु. ४००।- (अक्षरेपी: रु.चार सय मात्र)। बूढानीलकण्ठ नगरपालिका, गोल्फुटार, काठमाण्डौबाट तोकिएको राजश्व तिरी आवेदन फारम तथा रसिद प्राप्त गर्न सकिनेछ ।

७. उम्मेद्वार छनौटका आधारहरु: मौखिक परिक्षा र शैक्षिक योग्यता तथा अनुभव

८. तलव स्केल: प्रचलित कानुन बमोजिम ।

९. करार अवधी: २०७५ असार मसान्त सम्म

१०. रितपूर्वक प्राप्त नभएका र म्याद नाघि आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

११. सूचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु बूढानीलकण्ठ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेद्वार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. आवेदन दिने तरिका:- बुंदा नं. ३ मा उल्लेख भएका कागजातहरु एवं बुंदा नं. ६ मा तोकिएको शुल्कको रसिद संलग्न राखी बूढानीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा आई आवेदन दिनुपर्नेछ ।

१३ अन्तरवार्ताको मिति तथा समय सम्बन्धि विवरण दरखास्त बुझाउने अन्तिम दिनको ५ बजे पछाडी नगरपालिकाको वेव साईट WWW.Budhanilkanthamun.gov.np. मा राखिनेछ ।

१४. दरखास्त फारम नगरपालिकाको वेव साईट WWW.Budhanilkanthamun.gov.np. बाट समेत डाउनलोड गर्न सकिनेछ ।

थप जानकारीका लागि:- बूढानीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय । फोन नं ०१-४३७२७२५ ।

Scanned by CamScanner